# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

पत्र संख्याः ०७६/७७
चलानी नम्बरः १४७४

वागमती प्रदेश, नेपाल

मिति : २०७६।१२।०६

श्री चौतारा साँचोकगढी नगरपालिका
वडा कार्यालय सवै ।

**विषय : निर्णय प्रति पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७६।१२।०६ गतेका दिन चौतारा साँगाचोकगढी नगरपालिकाको नगर विपद व्यवस्थापन समितिको वैठकमा भएको निर्णयहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागी पठाईएको व्यहोरा अनुरोध छ ।

**वोधार्थ :**
श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
श्री जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक
श्री स्वास्थ्य कार्यालय , सिन्धुपाल्चोक
श्री चौतारा अस्पताल, सिन्धुपाल्चोक

*नोट : निर्णय प्रति यसै पत्रसाथ संलग्न छ ।*

.............................
कृष्ण प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

चौतारा साँगाचोकगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अमान सिं तमाङ
नगर प्रमुख

कोरोना भाइरस (COVID-19) ले विश्व व्यापि महामारी रुप लिएको र यसको प्रभाव हाम्रो देश नेपालमा पनि पर्न सक्ने भएको हुदा यसको नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारबाट समेत निर्देशन प्राप्त भएको कुरालाई समेत मध्यनजर गरी निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।

## निर्णयहरु

१. कोभिट १९ का बारेमा आवश्यक जनचेतना वृद्धि गर्न नगरपालिका, वडा कार्यालय, मातहतका स्वास्थ्य संस्थाहरुबाट चेतनामूलक कार्यक्रम सञ्चालन गर्न गराउने र यसका लागि सन्देशमूलक सूचना, पर्चा, पम्पपेल्ट,फ्लेक्सबोर्ड बनाई प्रचार प्रसार गर्न गराउने । यस कार्यालयद्धारा स्थानीय F.M.तथा पत्रपत्रिकाहरुमा समेत सन्देश मूलक सूचनाहरु प्रसारण तथा प्रकाशन गर्न लगाउने ।

२. मेलचौरमा रहेको सामुदायिक भवनलाई Isolation Word को रुपमा प्रयोगमा ल्याउन सक्ने गरी चौतारा साँगाचोकगढी नगरपालिका., स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक र चौतारा अस्पतालले आवश्यक व्यवस्था मिलाउने ।

३. नगरपालिकाका मातहतमा रहेका सबै स्वास्थ्य संस्थाहरुलाई नगरपालिका भन्दा बाहिर वा विदेशबाट आउन मानिसरुको पहिचान गरी अभिलेख राख्न लगाउने र उक्त कार्यमा सबै वडा कार्यालयहरुबाट आवश्यक सहयोग उपलब्ध गराउने ।

४. नगरपालिका भित्र रहेका मठ,मन्दिर, चर्च, सच्चाई केन्द्र गुम्बाहरु, मा जमघट,भेटघाट जस्ता क्रियाकलापहरुलाई सम्बन्धित वडा कार्यालयहरु मार्फत स्थगित गर्न लगाउने र उक्त कार्यमा स्थानीय प्रहरीहरुबाट आवश्यक सहयोग उपलब्ध गराउने ।

५. चौतारा अस्पातलमा रहेको पोषण पुनःस्थापना गृहलाइ Isolation Word को रुपमा प्रयोगमा ल्याउन आवश्यक व्यवस्था चौतारा अस्पातालले मिलाउने र त्यसमा आवश्यक पर्ने सहयोग चौतारा साँगाचोकगढी नगरपालिका र स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकले उपलब्ध गराउने ।

६. चौतारा साँगाचोकगढी नगरपालिका भित्र सञ्चालित एम्बुलेन्सहरुलाई प्रयोगमा ल्याउनको लागि आवश्यक तालिमको व्यवस्था मिलाउन स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने ।

७. स्थानीय स्तरमा मास्क वनाउनको लागि वडा कार्यालयहरु मार्फत पहल गर्ने र आवश्यक सहयोग स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक र चौतारा साँगाचेकगढी नगरपालिकाले उपलब्ध गराउने ।

अमान सिं तमाङ
नगर प्रमुख

अमान सिं तमाङ
नगर प्रमुख

८. चौतारा साँगाचोकगढी नगरपालिका एवम मातहतमा रहेका स्वास्थ्यकर्मी (कर्मचारी) हरुलाई प्रसुती र क्रिया विदा वाहेकका अन्य विदा नदिने निर्णय गरियो ।

९. चौतारा साँगाचोकगढी नगरपालिका एवम मातहतका स्वास्थ्य निकायहरुमा आवश्यक पर्ने औषधी एवम औषधीजन्य सामग्रीहरुको पर्याप्त मात्रमा मौज्धात नरहेको एवम हालको परिवेशलाई समेत मध्यनजर गरी Buffer Stock व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समितिबाट समेत निर्णय भई आएकोले आवश्यक औषधी एवम औषधी जन्य सामाग्रीहरु चौतारा साँगाचोकगढी नगरपालिकाले यथासिघ्र खरिद गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अमान सिं तमाङ
नगर प्रमुख